## परिचय

मास क्यापिटल एउटा लगानी व्यवस्थापन सेवा प्रदान गर्ने उद्देश्यका साथ स्थापना भएको व्यवसायिक कम्पनी हो । लगानीकर्तालाई लगानीको क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापन बिज्ञहरुद्वारा विभिन्न क्षेत्रहरुको भौतिक अध्ययन तथा विश्लेषण गरि लगानी सम्बन्धमा सुझाव तथा परामर्श प्रदान गर्नु यस कम्पनीको मुख्य उद्देश्य रहेको छ ।

लगानीकर्ताको दीर्घकालिन उद्देश्य तथा लक्ष्यलाई ध्यानमा राखी उनीहरुको जोखिमलाई न्यून गरि पुँजीलाई वृद्धि गर्नु नै हाम्रो पहिलो मान्यता रहेकोछ । हामी लगानीकर्तालाई लगानी गर्ने क्षेत्रको वारेमा स्पष्ट जानकारी दिनुका साथै यसवाट लगानी कर्तालाई प्राप्त हुने फाइदा तथा बेफाईदा र यसमा रहेका जोखिमका वारेमा लगानीकर्तालाई स्पष्ट पार्न समेत मद्दत गर्दछौ । लगानीकर्ताले गरेको लगानीलाई उचित प्रतिफल दिलाउनुनै हाम्रो कर्तव्य हो । यहि मान्यता र सिद्धान्तका आधारमा मास क्यापिटलको स्थापना भएको छ ।

वर्तमान समयमा सुचना तथा संचारले व्यवसायलाई पनि फराकिलो पारिदिएको छ । हामी एक ठाँउमा बसेर विश्वका विभिन्न क्षेत्रमा बसी-बसी लगानी गर्न सक्छौ । यस्ता क्षेत्रमा लगानी गर्नको लागि हामी तपाईलाई सर्वसुलभ ढंगले यस सम्बन्धि परामर्श प्रदान गर्नेछौ । हामी फ्युचर एक्सचेन्ज मार्फत कारोवार गर्न सुचीकृत भएका वस्तुहरुको खरिद विकी गर्ने - गराउने कार्यमा मध्यस्थकर्ता भई कमोडिटिज ब्रोकरको रुपमा पनि स्थापित भएका छौं, साथै हामी नेपाल स्टक एक्सचेन्जवाट सुचीकृत भएका कम्पनीहरुको शेयर खरिद बिकी गराउन मद्दत गर्दछौं ।

कुनै पनि व्यवसाय गर्न चाहने व्यवसायीहरुलाई व्यवसायीक परामर्श, व्यवसाय व्यवस्थापन सम्बन्धि परामर्श सेवाहरु समेत यो संस्था मार्फत प्रदान गरिन्छ । हामीले विभिन्न कमोडिटिजहरुमा लगानी गर्न चाहने लगानीकर्तालाई online मार्फत लगानी गर्ने सुबिधा समेत प्रदान गरेकाछौं ।

## हाम्रो सेवाहरु :

- स्टक अनुसन्धान तथा बजार बिश्लेषण,
- पोर्टफोलियो व्यवस्थापन,
- लगानी सम्बन्धि परामर्श प्रदान गर्ने तथा वित्तिय योजना तयार गर्ने,
- फ्यूचर बजारमा लगानी सम्बन्धमा परामर्श प्रदान गर्ने,



- कमोडिटिज फ्यूचर कन्ट्राक्ट खरिद बिकीको लागि ब्रोकरेज सेवा प्रदान गर्ने,
- लगानीकर्तालाई सुरक्षित ठाँउमा लगानी गर्न जानकारी प्रदान गर्ने,
- नयाँ व्यवसाय संचालन गर्न चाहनेहरुलाई लाभदायक हुनसक्ने लगानीको वारेमा जानकारी प्रदान गर्ने,
- डेरिभेटिव बजारको बिषयमा निःशुल्क परामर्श सेवा प्रदान गर्नु ।
- लगानीकर्तालाई हाम्रो website *www.hamrolagani.com* मार्फत बजार सम्बन्धि विभिन्न सुचना तथा समाचारकासाथै विभिन्न कमोडिटिजहरुको मुल्य, शेयर बजारका मुल्य तालिकालाई प्रत्यक्षरुपमा जानकारी गर्ने ।

## हाम्रो विशेषताहरु :

- न्यून आय भएका लगानीकर्तालाई पनि लगानीको अवसर
- लगानी गर्ने सम्बन्धमा उचित सल्लाह र सुझाव
- छिटो, छरितो र भरपर्दो ब्रोकरेज तथा सेवा
- लगानीकर्ताले आफ्नो लगानी फिर्ता लिन चाहेमा तुरुन्तै फिर्ता गरिने
- कारोवारहरुको विवरण online हेर्न सकिने
- ग्राहक मुखी सेवा

## केही बिशेष जानकारी:
### Future Contract

क्रेता र बिक्रेता बीच कुनै बस्तु भविष्यको कुनै समयमा लिने-दिने भनी अहिलेनै मुल्य निर्धारण गरि किनबेच गर्ने सम्झौतालाई नै Future contract भनिन्छ । यसमा बस्तुको परिमाण, शुद्धता तथा आपूर्ति सम्बन्धि सम्पूर्ण विवरण सम्झौतामा उल्लेख गरिएको हुन्छ । फ्युचर कन्ट्राक्टको मुख्य उद्देश्य भविष्यका अनिश्चिताको कारण हुनसक्ने जोखिमलाई कम गर्नु हो । जसबाट लाभ प्राप्त गर्न सकिनेछ ।

भविष्यमा कुनै पनि बस्तुको मूल्य बढ्छ भन्ने लागेमा ती बस्तुहरु आजै खरिद गरिन्छ र त्यसै गरी आफूसंग भएको बस्तुको भविष्यमा मुल्य घट्छ भन्ने लागेमा त्यस बस्तुलाई आजै बेचिन्छ, यहि सर्बब्यापी ब्यापारको सिद्धान्तमा यो फ्यूचर बजार पनि आधारित छ । यस्तो बजार प्रणली धेरै वर्ष अघिदेखि हामीले थाहा पाएर वा नपाएर भएपनि सञ्चालन गरिरहेका हुन्छौ ।

तर अहिलेको एक्काइसौ शताब्दिमा आएर यस्ता प्रकारका ब्यबसायले पनि आफूलाई सुचना तथा प्रबिधिको बिकास संग-संगै आफूलाई पनि परिवर्तन र समायोजन गर्दै अहिले बिश्वका सबै ठाउंमा लगानीका अवसरहरु प्रदान गर्दै आएको पाईन्छ । हामीले यस्ता प्रकारका बजारमा एक स्थानमा बसेर बिभिन्न क्षेत्रमा लगानी गर्न सक्छौ ।

लगानीकर्ताले सबै ब्रोकर सदस्यहरुसँग बिद्युतीय माध्यमबाट प्रत्यक्षरुपमा फ्यूचर बजारमा बस्तुहरुको किनबेच तथा ब्यबस्थापन गर्न सकिने भएकाले यो बजारलाई लगानीकर्ताहरुले धेरै भरपर्दो तथा पारदर्शी बजारको रुपमा लिएको पाईन्छ ।

बिश्वका धेरै बिकसित राष्ट्रहरुले फ्यूचर बजारमा धेरै लगानी गरिएको पाईन्छ र यसबाट उनीहरुले प्रशस्त मात्रामा फाईदा लिइरहेका छन् । धेरै राष्ट्रहरुले यस ब्यापारलाई एउटा सुरक्षित र भरपर्दो लगानी गर्ने क्षेत्रको रुपमा लिइएको पाईन्छ ।

मथुरी सदन, रविभवन, कालिमाटी, काठमाडौं
पो.ब.नं.१३८५९
इमेलः info@mass.com.np
फ्याक्सः ९७७-१-४२७१६१३

हाल नेपालको फ्यूचर बजारमा कारोबार भैरहेका कमोडिटिजहरु :

- सुन
- चाँदि
- तामा
- जिङ्क



भबिष्यमा अन्य बस्तुहरु तथा अन्य कमोडिटिजहरुको पनि कारोबार सुरुवात गरिने छ । यी कमोडिटिजहरुको सम्पूण बिशेषताहरु बिनियम बजारको नियममा आधारित हुन्छ ।

बिश्वका केहि प्रमुख एक्सचेन्जहरु:

- New York Mercantile Exchange, USA
  website: www.nymex.com
- Chicago Board of Trade, USA
  website: www.cbot.com
- London Metel Exchange, LONDON
  website: www.lme.com
- Tokyo Commodity Exchange, JAPAN
  website: www.tocom.or.jp
- Multi Commodity Exchange, INDIA
  website: www.mexindia.com

## Why invest in commodity?

*"Don't put all eggs in one basket"*
भन्ने मूलभूत मान्यताका आधारमा पुँजीलाई बिभिन्न सम्पत्तीहरुमा लगानी गर्नुनै लगानीकर्ताको लागि फाईदाजनक हुन्छ। लगानीकर्ताले लगानी गर्दा आपसमा सहसम्बन्ध नभएका सम्पत्तीहरुमा लगानी गर्न सकेको खण्डमा बजार धेरै उतारचढाव हुँदापनि कूल प्रतिफल उच्च पार्न सकिन्छ। त्यसैले यदि तपाईले पनि शेयरमा लगानी गर्नु भएकोछ भने शेयरसंग सहसम्बन्ध नभएका सम्पत्तीहरुमा जस्तै घर-जग्गा, कमोडिटिजहरु (सुन, चाँदि, तामा, जिङ्क) आदिमा लगानी गर्दा आफ्नो लगानीको जोखिम कम हुनुकोसाथै उच्चतम प्रतिफल प्राप्त गर्न सकिन्छ। शेयर र सुन आपसमा सहसम्बन्ध नभएका सम्पत्तीहरु भन्न सकिन्छ । कुनै समयमा कुनै सम्पत्तीले राम्रो प्रतिफल नदिइरहेको अबस्थामा अर्कोले राम्रो प्रतिफल दिइरहेको हुन्छ। जसले गर्दा कूल प्रतिफल उच्च बनाउन सकिन्छ। यदि तपाई पनि आफ्नो पुँजी उचित ठाऊँमा लगानी गर्न चाहनु हुन्छ भने हामीलाई सम्झनुहोस, हामी तपाईहरुको पुँजीलाई उचित ठाऊँमा लगानी गर्नुका साथै उचित परामर्श समेत प्रदान गर्दछौं ।


<u>सम्पर्क</u>

मास क्यापिटल
रबिभवन, काठमाण्डौ, नेपाल
फोन: ९७७-०१-४२७६१२९,
फ्याक्स: ९७७-०१-४२७१६१३
*e-mail:info@mass.com.np*
website: www.masscapital.com.np